# जेनजी (Gen-Z) प्रदर्शनका घाइतेहरूको वर्गीकरण सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः** २०८२।५।२३ र २४ गते भएको जेनजी (Gen-Z) प्रदर्शन तथा आन्दोलनका क्रममा तत्कालिन सरकारी पक्ष र प्रदर्शनकारी बीच भएको झडप, भिडन्त एवं बल प्रयोगका क्रममा घाइते भएका व्यक्तिहरुको अवस्थाबारे स्पष्ट र वैज्ञानिक मूल्यांकन तथा अभिलेखीकरण गरी उपचार, राहत वितरण र तथ्याङ्क व्यवस्थापन कार्यमा सहजीकरण गरी घाइते भएका व्यक्तिहरूको चोटपटकको गम्भीरता अनुसार वर्गीकरण गर्ने, उपचारमा प्राथमिकता निर्धारण गर्ने तथा राहत र प्रतिवेदन प्रणाली एकीकृत गर्ने उद्देश्यले यसै प्रकृतिको घाइते वर्गीकरण गर्न वाञ्छनीय भएकोले,

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "जेनजी प्रदर्शनका घाइतेहरूको वर्गीकरण सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अस्पताल" भन्नाले जेनजी प्रदर्शन, तथा आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूको उपचार गर्ने सरकारी, सामुदायिक एवं निजी अस्पताल सम्झनु पर्दछ ।

(ख) "घाइते" भन्नाले मिति २०८२।५।२३ र २४ मा भएको जेनजी प्रदर्शन, तथा आन्दोलनका क्रममा चोटपटक, अंगभंग वा अन्य शारीरिक असर भइ अस्पतालमा उपचार गरेका व्यक्तिहरूलाई सम्झनु पर्दछ ।

(ग) "घाइतेहरुको वर्गीकरण" भन्नाले जेनजी प्रदर्शन, तथा आन्दोलनका क्रममा घाइते भएका

(घ) "प्राविधिक समिति" भन्नाले मिति २०८२।५।२३ र २४ गते भएको जेनजी प्रदर्शन, तथा आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूको वर्गीकरण गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८२।६।१२ मा गठन भएको दफा (३) को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्दछ ।

(ङ) "घाइतेहरुको वर्गीकरण" भन्नाले जेनजी प्रदर्शन तथा आनदोलनको क्रममा घाइते भएका व्यक्तिहरुको अनुसूची-२ बमोजिमो वर्गीकरण सम्झनुपर्छ।

(च) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्दछ ।

CamScanner

३. जेनजी प्रदर्शन घाइतेहरुको वर्गीकरण समिति: (१) जेनजी प्रदर्शन घाइतेहरुको वर्गीकरण गर्न देहाय बमोजिमको प्रविधिक समिति गठन हुनेछ।

| | | |
|---|---|---|
| १ | महाशाखा प्रमुख, गुणस्तर मापन तथा नियमन महाशाखा, मन्त्रालय | -संयोजक |
| २ | हाडजोर्नी विशेषज्ञ | -सदस्य |
| ३ | स्नायु रोग विशेषज्ञ | -सदस्य |
| ४ | नाक, कान, घाटी विशेषज्ञ | -सदस्य |
| ५ | जनरल मेडिसिन विशेषज्ञ | -सदस्य |
| ६ | आँखा रोग विशेषज्ञ | -सदस्य |
| ७ | शल्य चिकित्सक विशेषज्ञ | -सदस्य |
| ८ | मानसिक रोग विशेषज्ञ | -सदस्य |
| ९ | उप सचिव, गृह मन्त्रालय | -सदस्य |
| १० | उपसचिव, गुणस्तर मापन तथा नियमन महाशाखा, मन्त्रालय | -सदस्य सचिव |

(२) समितिमा रहने विशेषज्ञ सदस्यहरू स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोक्नेछ।

(३) मन्त्रालयले घाइते भएका व्यक्तिहरूसँगको समन्वयमा एक जना विशेषज्ञ सदस्य तोकन सक्नेछ ।

(४) सरकारी अस्पतालहरुमा उपचार गराईएका जेनजी प्रदर्शन तथा आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरुको वर्गीकरणको लागि उपदफा (१) बमोजिमको प्राविधिक समितिलाई सहजीकरण गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको जेनजी प्रदर्शन घाइतेहरुको जिल्लास्तरीय वर्गीकरण सहजीकरण समिति रहनेछ:

(क) प्रमुख जिल्ला अधिकारी — संयोजक

(ख) अधिकृतस्तर प्रतिनिधि, जिल्ला समन्वय समिति — सदस्य

(ग) अस्पतालको प्रमुख वा मे. सु. — सदस्य

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

CamScanner

(घ) अस्पतालको प्रमुख वा मे.सु.ले तोकेको विशेषज्ञ चिकित्सक २ (दुई) जना — सदस्य
(ङ) अधिकृतस्तर प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय — सदस्य
(च) प्रमुख, स्वास्थ्य कार्यालय — सदस्य
(छ) अधिकृतस्तर जिल्ला प्रशासन कार्यालय — सदस्य सचिव

(५) निजी तथा सामुदायिक अस्पतालमा उपचार गराएका विरामीहरूको हकमा समेत सहजीरण उपदफा (४) बमोजिमको समितिले नै गर्नेछ। यसका लागि सो समितिले निजी तथा सामुदायिक अस्पतालहरुमा भएका घाइतेहरुको विवरण माग गरी वर्गीकरणको लागि सहजिकरण गर्नु पर्नेछ।

(६) निजी एवम् सामूदायिक अस्पतालहरुले जेनजी प्रदर्शन तथा आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरुको उपचार विवरण उपदफा (४) बमोजिमको समितिलाई उपलब्ध गराउनुपर्नेछ।

(७) वर्गीकरण सहजिकरण समितिले घाइतेहरुको अनुसुचि-१ बमोजिमको Criteria को आधारमा वर्गीकरण गरी अनुसूची-२ बमोजिको ढाँचामा मन्त्रालयमा रहेको प्राविधिक समितिमा पठाउनु पर्नेछ।

(८) प्राविधिक समितिले रूजु गरी यस कार्यविधी बमोजिम घाइतेहरुको वर्गीकरण मन्त्रायमा सिफारिस गर्नेछ। मन्त्रालयले प्राविधिक समितिले गरेको सिफारिसका आधारमा मन्त्रालयले घाइतेहरुको वर्गीकरण स्वीकृत गरी अनुसूची-२ को ढाँचामा गृह मन्त्रालयमा पठाउनु पर्नेछ ।

४.<u>विविध:</u> (१) यो कार्यविधि मिति २०८२।५।२३ र २४ गते भएको जेनजी प्रदर्शन, तथा आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूको हकमा मात्र लागु हुनेछ।

(२) यस कार्यविधि अनुसारको कार्य सम्पादन गर्न व्यवधान भएमा मन्त्रालयले गृह मन्त्रालयको समन्वयमा त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

CS CamScanner

अनुसुची-१
(दफा ३ को उपदफा (७) संग सम्बन्धित)

घाइतेहरूको वर्गीकरण

(क) घाइतेहरुलाई देहाय बमोजिम वर्गीकरण गरिनेछः-

१ अति गम्भीर घाइते (Very Severe Injury):
२ गम्भीर घाइते (Severe Injury):
३. मध्यम घाइते (Moderate Injury):
४. सामान्य घाइते (Minor Injury)

(ख) घाइतेहरुको वर्गीकरणका आधारहरु देहाय बमोजिम रहेका छन्;-

**(१) अति गम्भीर घाइते (Very Severe Injury):**

| सि.नं. | घाइतेको अवस्था | Condition of the injured |
|---|---|---|
| १ | कुनै पनि चोटपटक, sepsis/ Chemical Injury आदिवाट अचेत/ Vegetative State मा रहेको घाइते | Vegetative State due to any Injury |
| २ | घाटीको मेरुदण्डको चोटका कारण चारै हात खुट्टा पूर्णरुमा नचल्ने अवस्थामा | Complete quadriplegia due to cervical cord injury |
| ३ | दुवै आँखाको दृष्टि पूर्ण र सदाको लागि गुमेको (नदेख्ने) | Permanent and complete loss of vision of both the eyes |
| ४ | दुवै हातको कुमको जोर्नी सम्मको भाग गुमेको | Bilateral shoulder disarticulation |
| ५ | दुवै नितम्बसम्मको जोर्नी देखिको भाग गुमेको | Bilateral hip disarticulation |
| ६ | एउटा हातको कुम र एउटा खुटाको नितम्बसम्मको भाग गुमेको | One shoulder and one hip disarticulation |
| ७ | शरीरको एकापट्टीको भाग पूर्णरुपमा पक्षघात भएको | Complete hemiplegia (paralysis of one side of body) |
| ८ | कम्मरभन्दा मुनीको भाग पूर्णरुपमा पक्षघात भएको | Complete paraplegia |
| ९ | दुवै कुहिनाको जोर्नीसम्मको भाग गुमेको वा दुवै पाखुराको हड्डी गुमेको | Bilateral disariculation of elbow or bilateral above elbow amputation |

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

CamScanner

| | | |
|---|---|---|
| १० | दुबै घुँडाको जोर्नीसम्को भाग गुमेको वा दुबै तिघ्राको हड्डी गुमेको | Bilateral disarticulation of knee or bilateral above knee amputation |
| ११ | पूर्णरूपमा दुबै हात वा दुबै खुट्टा पक्षाघात भएको | Complete paralysis of both upper limbs or both lower limbs |
| १२ | एउटा हातको कुहिनो वा माथिल्लो भाग र एउटा खुट्टाको घुँडा वा तिघ्राको भाग गुमेको वा पक्षाघात भएको | Unilateral disarticulation of elbow or above elbow amputation and unilateral disarticulation of knee or above knee amputation |
| १३ | एउटा हात र एउटा खुट्टा पूर्ण पक्षघात भएको | Complete paralysis of one upper limb and one lower limb |
| १४ | दुबै हातको कुहिनो वा दुबै खुट्टाको घुँडा भन्दा मुनिको भाग गुमेको वा पूर्ण पक्षघात भएको | Bilateral below elbow or bilateral below knee amputation or complete paralysis |
| १५ | दुबै हातको नाडी जोर्नीसम्मको भाग गुमेको वा पूर्ण पक्षाघात भएको | Bilateral wrist disarticulation or complete paralysis |
| १६ | दुबै खुट्टाको गोली गाठोसम्मको भाग गुमेको वा पूर्ण पक्षाघात भएको | Bilateral ankle disarticulation or complete paralysis |
| १७ | एकातर्फको कुम भन्दा मुनिकै भाग गुमेको वा पूर्ण पक्षाघात भएको | Unilateral disarticulation of shoulder or complete paralysis |
| १८ | एकातर्फको नितम्ब भन्दा मुनिकै भाग गुमेको वा पूर्ण पक्षाघात भएको | Unilateral disarticulation of hip or complete paralysis |
| १९ | एकातर्फको कुहिनो वा माथिको भाग गुमेको वा पूर्ण पक्षाघात भएको | Unilateral disarticulation of elbow or above elbow amputation or complete paralysis |
| २० | एकातर्फको घुँडा वा माथिको भाग गुमेको वा पूर्ण पक्षाघात भएको | Unilateral disarticulation of knee or above knee amputation or complete paralysis |
| २१ | कुनै पनि कारणले भेन्टिलेटरमा राखिएको बिरामी। | Patient on ventilator due to any cause. |
| २२ | जीवन बचाउनका लागि टाउको, घाटी, छाती र पेट चोट लागि जटिल शल्यक्रिया गर्नुपरेको। | Lifesaving major operation of head, chest, neck and abdomen |
| २३ | चोटपटकका कारणले कुनै जटिलता जस्तै Cardiac failure, Renal failure, liver failure, Lungs failure भएमा | If complications occur such as cardiac failure, renal failure, liver failure, or lung failure arise due to injury. |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ

२. गम्भीर घाइते (Severe Injury):

| सि.नं. | घाइतेको अवस्था | Condition of the injured |
|---|---|---|
| १ | एउटा आँखाको दृष्टि पूर्णरूपले क्षति भई अनुहार विग्रएको तर अर्को आँखाको दृष्टि सामान्य भएको | Complete loss of vision in one eye with disfigurement of eye or face with normal vision in other eye |
| २ | एउटा आँखाको दृष्टि पूर्णरूपले क्षति भएको तर अर्को आँखा वा अनुहारको सुन्दरता नविग्रिएको | Complete loss of vision in one eye with no disfigurement of eye or face with VA6/13 to <6/6 vision in other eye |
| ३ | एकातर्फको नाडी भन्दा मुनिकै भाग गुमेको वा पूर्ण पक्षाघात भएको | Unilateral disarticulation of wrist or complete paralysis |
| ४ | एकातर्फको गोलीगाठो भन्दा मुनिकै भाग गुमेको वा पूर्ण पक्षाघात भएको | Unilateral disarticulation of ankle or complete paralysis |
| ५ | नाकको उल्लेखनीय क्षति भएको र अनुहार विरुप भएको | Disfigurement of face including major loss of nose |
| ६ | एउटा आँखा पूर्ण नदेखे तर अर्को आँखाको दृष्टि सामान्य रहेको | Complete loss of vision in one eye with normal vision in the other eye |
| ७ | दुवै नाडी मुनिको भाग काम नगर्ने भएको | Both wrist drop |
| ८ | दुवै गोलीगाठो मुनिको भाग काम नगर्ने भएको | Both foot drop or complete injury of Tendo Achilis |
| ९ | एउटा हातको नाडी र गोलीगाँठो मुनिको भाग काम नगर्ने भएको | One wrist drop and one foot drop |
| १० | पूर्ण रुपमै पाठेघर गुमेकी महिला | Loss of uterus in women |
| ११ | दुवै स्तन गुमेकी महिला | Loss of both breasts in women |
| १२ | दुवै अण्डकोष गुमेको पुरुष | Loss of both testes in men |
| १३ | दुवै हातका बुढीऔंला वा चोर औंला गुमेको | Loss of both thumbs or index fingers |
| १४ | पोलेको खतका कारणवाट नाडी, अनुहार, घाँटी, नितम्ब, घुँडाको ठाउमा मांशपेशी खुम्चिन गई प्लास्टिक सर्जनको सुझावमा उपचार नहुने व्यक्तिहरू | Post burn contracture which cannot be corrected around the wrist, elbow, ankle, face, neck, hip and knee (should be seen and verified by plastic surgeons) |
| १५ | पूर्णरूपमा जिब्रो गुमी आवाज नआउने व्यक्तिहरू | Loss of tongue with no voice production |
| १६ | दुवै तर्फको कानको सुन्ने शक्ति (६१ डे.बि. | Severe hearing loss, both sides ( more than |

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

| | | |
|---|---|---|
| | भन्दा माथि) | 61) |
| १७ | जीवन बचाउनका लागि टाउको, घाटी, छाती र पेटमा चोट लागि सामान्य शल्यक्रिया गर्नुपरेको | Life saving Procedure minor operation of head, chest, neck and abdomen and life threatening injuries managed conservatively. |
| १८ | मुख्य रगत नली, नशा पूर्ण रूपमा injury भई शल्यक्रिया गरेको | Major Complete Vascular/ Nerve injury requiring surgery |
| १९ | एउटा हड्डी भाँचिएको अवस्था Except fibula, carpals, tarsals, metacarpals, metatarsals, and phalanges. | Single bone fracture Except fibula, carpals, tarsals, metacarpals, metatarsals, and phalanges. |
| २० | मेरुदण्ड आंशिक क्षति भएको मुख्य मांशपेसीको शक्ति ३/५ भन्दा कम भएको अवस्था | Incomplete Spinal cord injury with mrc muscle power (key group )<3/5 |
| २१ | शरीरको सतही भागमा गोली लागि बेहोस बनाएर निकालिएको अवस्था | Bullet injury (superficial) — removal under general/ spinal anesthesia |

३. मध्यम घाइते (**Moderate Injury**):

| सि.नं. | घाइतेको अवस्था | **Condition of the injured** |
|---|---|---|
| १ | दृष्टि शक्ति ३/६० देखि ६/६० सम्मको अवस्था | Severe loss of vision = VA 3/60 to less than 6/60 |
| २ | दृष्टि शक्ति ६/६० देखि ६/१८ सम्म | Moderate loss of vision = VA 6/60 to less than 6/18 |
| ३ | एकातर्फको कानको सुन्ने शक्ति (६१ डि बी भन्दा माथि) | Severe hearing loss, one side (more Than 61 dB) |
| ४ | दुवैतर्फको कानको सुन्ने शक्ति (४१ देखि ६० डि बी) | Moderate hearing loss, both sides (41 to 60 dB) |
| ५ | पुरै दाँत गुमेको व्यक्ति | Loss of all teeth |
| ६ | एउटा हातको नाडी मुनीको भागले काम नगर्ने भएमा | Single wrist drop |
| ७ | एउटा खुट्टाको गोलीगाठो मुनीको भागले काम नगर्ने भएमा | Single foot drop |
| ८ | एउटा स्तन गुमेकी महिला | Loss of one breast in women |
| ९ | एउटा अण्डकोष गुमेको पुरुष | Loss of one testis in man |
| १० | घुंडाको पाँग्रा गुमेको वा शल्यक्रियाद्वारा | Patella excision |

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

CamScanner

| | | |
|---|---|---|
| | निकालिएको | |
| ११ | जिब्रोको आंशिक क्षति भई बोल्न गाह्रो पर्ने व्यक्ति | Injury of tongue with partial loss & difficulty in speaking |
| १२ | दुवै कानको बाहिरी भाग गुमेको | Loss of both ext ears |
| १३ | चोटको खतका कारण अनुहार विक्षिप्त भएको व्यक्ति (फोटो अनिवार्य) | Disfigurement of face with scars (should provide photograph) |
| १४ | एउटा हातको बुढी औंला वा चोरी औंला गुमेको | Loss of single thumb or index finger |
| १५ | दुवै खुट्टाको बुढी औंला वा दोश्रो औंला गुमेको | Loss of both great toes or both second toes |
| १६ | हातको बुढी औंला र चोरी औंलाको टुप्पो गुमेको | Disarticulation of thumb and index through interphalengeal joint bilaterally |
| १७ | तिग्रा वा पिँडुलाको हड्डी भाँचिन गइ जोडिएको वा नजोडिएर स्वरूप विग्रिएका व्यक्ति | Malunited fractures or non union of fractures femur or tibia with deformity |
| १८ | कुनै धातु, छर्रा वा गोली शरीर भित्र रही शरीरलाई हानिको सम्भावना रहेको व्यक्ति (एक्स रे अनिवार्य) | Pellets or bullets inside the body which is in danger should be proved by X ray |
| १९ | चोटपटकको कारणले हड्डीमा दिर्घ संक्रमण भई तीन पटक वा सो भन्दा वढी पटक शल्यक्रिया गरेको | Chronic diseases like chronic Osteomyelitis due to injury or operation done more than three times |
| २० | वेहोस बनाएर ३ वा सोभन्दा वढी पटक अपरेसन गरिएको चोट | Any injury who had undergone 3 or > surgeries under anesthesia |
| २१ | लामो हड्डीमा अपरेसन गरिएको र कम्तीमा १ वर्षसम्म फलोअप गर्नु आवश्यक पर्ने अवस्था | Long bone fracture treated surgery who needs follow-up for at least 1 year |
| २२ | शरीरिको सतही भागमा लागेको गोलीको चोट —बेह्रोस नबनाई निकालएको अवस्था। | Bullet injury (superficial) — removed with or without local aneasthesia |
| २३ | मेरुदण्ड आंशिक क्षति भएको, मुख्य मासंपेशीको शक्ति ३/५ भन्दा बढी भएको अवस्था | Incomplete Spinal cord injury power greater than 3/5 |

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

CamScanner

४. सामान्य घाइते (Minor Injury)

| सि.नं. | घाइतेको अवस्था | Condition of the injured |
|---|---|---|
| १ | एउटा कानको सुन्ने शक्ति (४१ देखि ६० डे.वि.) | Unilateral Moderate hearing loss, (41 to 60 dB) |
| २ | खुट्टाको एउटा बुढी औंला वा दोस्रो औंला पूरा गुमेको | Loss of single great toe or second toe |
| ३ | हातको एउटा बुढी औंला वा चोरी औंलाको टुप्पो गुमेको | Disarticulation of interphalengeal joint of thumb or index finger unilaterally |
| ४ | एउटा कानको बाहिरी भाग गुमेको | Loss of one external ear without hearing loss |
| ५ | कुनै धातु, छर्रा वा गोली शरीर भित्र रही शरीरलाई हानि नपुऱ्याउने (एक्स रे अनिवार्य) | Pellets or bullets inside the body which is not in den Gering his or her life |
| ६ | मेरुदण्डमा चोट लागेको तर स्नायुमा असर नपरेको | Spinal injuries without neurological defecate |
| ७ | हातको बुढी औंला र चोरी औंला बाहेक अन्य औंला गुमेको | Loss of other finger (except thumb and index finger) |
| ८ | हातको बुढी औंला र चोरी औंला बाहेक अन्य औंलाको टुप्पोको जोर्नी गुमेको | Loss of other finger at or below proximal phalangeal joint (except thumb and index finger) |
| ९ | खुट्टाको अन्य औंलाहरु गुमाएको वा क्षति भएको | Other toes loss or injury (except thumb and index finger) |
| १० | सामान्य घाउ/ फोका, संक्रमण भएको — बाह्य बिरामी विभाग (OPD) मा उपचार गरी घर पठाइएको अवस्था | Minor wound /bruise infection/inflammation/abrasion/laceration — managed at OPD and discharged |
| ११ | Fibula, carpals, tarsals, metacarpals, metatarsals and phalanges जस्ता एउटा हड्डी भाँचिएको अवस्था | Single bone fracture of fibula, carpals, tarsals, metacarpals, metatarsals and phalanges. |

नोट: (१) कुनै व्यक्तिको उस्तै दुबै अंग मध्ये एउटा मात्र अंग भएमा सो समेत गुमेको वा दुबै अंग गुमेको सरह मानिनेछ।

(२) माथी नसमेटिएका विषयहरुको बारेमा प्राविधिक समतिले बिरामीहरुको तत्कालिन अवस्थाको उपचारको कागजातहरुको अध्ययन गरी निर्णय गरिनेछ।

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

CamScanner

अनुसूची-२

(दफा ३ को उपदफा (७) सँग सम्वन्धित)

घाइतेका विवरण पठाउने ढाँचा

| सि.नं. | नाम थर | ठेगाना | उपचार भएको अस्पतालको नाम | वर्गीकरण | घाइतेको परिचय पत्र नं | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नोटःकैफियत महलमा वर्गीकरण विवरण खुलाउनु पर्नेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं